TPO Nepal
PEACE OF MIND

SWC Regd.: 18158/2062/63
CDO Regd.: 644/2061/62
IRD: PAN: 301956147
Web: www.tponepal.org

बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ. नेपाल)
Transcultural Psychosocial Organization Nepal (TPO Nepal)

प्रकाशित मिति: २०८१/०८/०५

# आवश्यकता

बहुसाँस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि. पि. ओ. नेपाल) जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई समाज कल्याण परिषद्मा आवद्ध भएको मनोसामाजिक सुस्वास्थ्य र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्था हो । यस संस्थाले स्थापनाकाल देखि नै नेपालका विभिन्न जिल्लाहरूमा समुदायमा आधारित भई सामान्य तथा आकस्मिक अवस्थाहरूमा मनोसामाजिक सहयोग पुऱ्याउनुका साथै मनोसामाजिक तथा मानसिक स्वास्थ्यका विषयमा तालिम तथा अनुसन्धानका कार्यहरू पनि सञ्चालन गर्दै आईरहेको छ ।

हाल यस संस्थाले युनिसेफको सहयोगमा बागमति प्रदेशको काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाहरूका बाढी पहिरोबाट प्रभावित निम्न पालिकाहरुमा बाढी पहिरो पश्चातको अवस्थाका लागि बालबालिका, उनीहरुको स्याहारकर्ता तथा जोखिममा रहेका समूहहरुलाई प्रवर्धनात्मक तथा सहयोगात्मक क्रियाकलापहरुको माध्यमबाट मनोसामाजिक सुस्वास्थ्य प्रवर्धन परियोजनाका लागि समुदायीक मनोसामाजिक कार्यकर्ताहरूको (Community psychosocial worker- CPSW) आवश्यकता परेको हुँदा तल उल्लेखित योग्यता पुगेका व्यक्तिले तोकिएको मिति भित्र आवेदन पेश गर्नहुन अनुरोध गरिन्छ ।

**पद** :- सामुदायीक मनोसामाजिक कार्यकर्ता (CPSW)

**आवश्यक संख्या** :- कोन्ज्योसोम गाउँपालिका, लतिलपुर बाट **२ जना**

**समयावधि** :- ३ महिना

**स्थान** :- कोन्ज्योसोम गाउँपालिका, लतिलपुर

## कामको प्रमुख जिम्मेवारीहरू:

- सामुदायीक मनोसामाजिक कार्यकर्ताको तालिममा सक्रिय रुपमा सहभागी हुने ।
- समुदायमा मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि मनोसामाजिक सहयोग साथै सचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने ।
- जोखिममा रहेका व्यक्तिहरुको जस्तै महिला, बालबालिका तथा किशोरकिशोरीहरु, अपाङ्गता भएका व्यक्तिहरु, आदिको मनोसामाजिक तथा मानसिक स्वास्थ्यको अभिबृद्धि तथा संरक्षण सम्बन्धी कार्याशालाहरू सञ्चालन गर्ने ।
- समुदायमा व्यक्तिगत वा सामुहिक रुपमा प्राथमिक मनोवैज्ञानिक सहयोग प्रदान गर्ने ।

- मनोसामाजिक समस्या पहिचान भएका व्यक्तिहरुलाई आधारभूत मनोसामाजिक सहयोग प्रदान गर्ने र थप सहयोगका लागि मनोविमर्शकर्तालाई सिफारिस गर्ने ।
- सुपरीवेक्षकसँग नियमित (दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक) सुपरीवेक्षणमा सहभागी हुने ।
- स्थानीय तह तथा सरोकारवाला निकायहरुसँग कार्यक्रम सञ्चानका लागि आवश्यक समन्वय गर्ने ।
- तोकिएको कार्यक्षेत्रमा नियमित भ्रमण गर्ने ।
- मनोसामाजिक सहयोगका गतिविधि बारे सुपरीवेक्षकलाई नियमित रुपमा प्रतिवेदन बुझाउने ।

## सीप, योग्यता तथा अनुभव :

- १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको ।
- कुनै पनि विषयमा कम्तिमा १० + २ वा सो सरहको योग्यता प्राप्त गरेको हुनु पर्ने ।
- नेपाली नगरिकता भएको हुनु पर्ने ।
- कुनै पनि आपराधिक क्रियाकलाप वा फौजदारी अभियोग नभएको हुनु पर्ने ।
- स्थानीय नगरपालिका वा गाउँपालिकाको वा सम्बन्धित वडाको बासिन्दालाई प्राथमिकता दिईने छ ।
- समुदायमा राम्रोसँग घुलमिल भएर काम गर्ने क्षमता भएको हुनुपर्नेछ ।
- समुदायमा बालबालिका तथा किशोरकिशोरीहरूसँग कार्य गरेको अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिईने छ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएकोलाई प्राथमिकता दिईने छ ।

## आवेदन प्रकृया :

इच्छुक व्यक्तिले आवेदन पत्रका साथमा बायोडाटा, अनुभव हाँसिल गरेका प्रमाण पत्रका प्रतिलिपिहरु, शैक्षिक प्रमाण पत्र र नागरिकताको एक एक प्रति संस्थाको इमेल hrtponepal@tponepal.org.np मा पेश गर्न सक्नुहुनेछ । इमेलको उपलव्धता नहुनेले तल उल्लेखित टि. पि. ओ. नेपालका सम्पर्क व्यक्तिलाई आफ्नो आवेदन फाइल पेश गर्न सक्नुहुनेछ । तोकिएको मिति भन्दा पछि बुझाइएको आवेदनलाई मान्यता दिइने छैन ।

**आवेदन फारम बुझाउने अन्तिम मितिः २०८१/०८/१२ गते सम्म**

**सम्पर्क व्यक्तिः** कोन्ज्योसोम गाउँपालिका, ललितपुर : आइतराम तामांग **फोन नं :–** ९८४०६०९७६३

नोटः आवश्यक योग्यता पुगि छनौटमा परेका आवेदकहरूलाई मात्र अन्तरवार्ताका लागि बोलाईने छ । कृपया निवेदनमा आफ्नो भरपरपर्दो सम्पर्क नम्वर तथा ठेगाना समावेश गर्नुहोस् । साथै निवेदनका साथमा आफूले कुन जिल्लाको पालिकाको लागि आवेदन गरेको हो प्रष्ट खुलाउनु पर्नेछ ।

**नोटः** टि. पि. ओ. नेपाल आफ्नो जनशक्ति भित्र विविधता र समावेशीकरणका लागि प्रतिबद्ध छ साथै स्थानीय, अल्पसंख्यक, आदिवासी र अपाङ्गता भएका व्यक्तिहरूलाई आवेदन दिन प्रोत्साहित गर्दछ । सबै आवेदनहरूको गोपनीयता कायम गरिनेछ । टि. पि. ओ. नेपालले यौन शोषण र दुर्व्यवहार, यौन उत्पीडन र भेदभाव लगायत कुनै पनि प्रकारको उत्पीडन सहन गर्दैन